


# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार

| अंक - ९ | जेठ २०६७ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## समग्रको १४औं वार्षिक दिवस सम्पन्न

यही वैशाख २८ गते समग्र स्थापना दिवस विभिन्न स्थानहरूमा हर्षोल्लासका साथ विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइयो । सो अवसरमा केन्द्रीय कार्यालय चाबहिलमा एक अन्तरक्रियासहित चियापानको आयोजना गरियो । क्षेत्रीय कार्यालय गोरखाको आयोजनामा बेंशीसहर लमजुङमा सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालय, गैरसरकारी कार्यालय, जिल्ला सामाजिक परिवार, विभिन्न सामाजिक परिवारका प्रतिनिधिहरू, समग्रका सदस्यहरू तथा कार्यकर्ताहरूको सहभागिता थियो । त्यसै गरी क्षेत्रीय कार्यालय लाहानको तर्फबाट सिरहाको कचनारी गा.वि.स.मा जनचेनता र्‍याली र सभा गरी समग्र दिवस मनाइयो । सो दिन साँझ केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय तथा जिल्ला कार्यालयहरूमा दीपावली गरियो ।



## सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न

समग्र विकास सेवा केन्द्र, क्षेत्रीय कार्यालय-गोरखाको आयोजनामा यही वैशाख २८, २९ र ३० गते क्रमशः लमजुङ, गोरखा र धादिङमा सिमान्तकृत मानिसहरूको सशक्तीकरण अभियानअन्तर्गत सामाजिक लेखाजोखा कार्यक्रमहरू सम्पन्न भए ।

लमजुङ उद्योग वाणिज्य संघको हल, बेंशीसहरमा स्थानीय विकास अधिकारी पेसलकुमार अधिकारीको प्रमुख आतिथ्य तथा लमजुङ जिल्ला सामाजिक परिवारका अध्यक्ष चित्रबहादुर थापाको सभापतित्वमा सामाजिक लेखाजोखा कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा सामाजिक परिवारहरू, जिल्ला सामाजिक परिवार, जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधिहरू गरी ५९ जनाको सहभागिता थियो । समग्रको संक्षिप्त परिचय तथा यस वर्ष लमजुङ जिल्लामा भएको कार्यक्रम र त्यस कार्यक्रमबाट प्राप्त उपलब्धि र भएका खर्चसम्बन्धी विवरण प्रस्तुत गरिएको थियो ।



कार्यक्रमका प्रमुख अतिथि स्थानीय विकास अधिकारीले आफ्नो मन्तव्यको क्रममा समग्रले यस जिल्लामा विगत १४ वर्षदेखि विभिन्न विकास/पूर्वाधार निर्माण, जीविकोपार्जन र मानवअधिकारसम्बन्धी कार्यक्रम गरेको कुरा थाहा पाउँदा अत्यन्त खुसी लागेको र यस्ता पारदर्शीपूर्ण कार्यक्रम अन्य संघ-संस्थाले पनि आयोजना गरेमा गैरसरकारी संस्थाहरूको पारदर्शितामा प्रश्न नउठ्ने कुरा बताउनुहुँदै जिल्ला विकास समिति समग्र जस्ता संस्थासँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको छ भन्नुभयो। विभिन्न सामाजिक परिवारको प्रतिनिधित्व गर्दै बागलुङ्गपानीका जमानसिंह दुलालले भन्नुभयो, "समग्रले नै आज हामीलाई यस्तो ठाउँमा आएर बोल्न सक्ने बनाएको हो । मासिकरूपमा हाम्रो समुदायबाट झगडा मिलाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी.कार्यालयमा करिब ३-४ वटा घटना आउने गरेकोमा जुन दिनबाट हामी सामाजिक परिवारमा संगठित भयौं त्यस दिनबाट हामी आफैं झगडा मिलाउन सक्षम भएका छौं । ४ वर्षदेखि कुनै पनि खाले झगडा बाहिर गएको छैन ।"



गोरखामा सम्पन्न सामाजिक लेखाजोखा कार्यक्रम स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठको प्रमुख आतिथ्य र गोरखा जिल्ला सामाजिक परिवारका अध्यक्ष पूर्णबहादुर थापाको सभापतित्वमा भएको थियो । कार्यक्रममा प्रस्तुत गरिएको समग्रको गतिविधि र आ.व. २०६६/०६७ मा गोरखा जिल्लामा भएका विभिन्न गतिविधिका बारेमा आफ्ना धारणा राख्ने क्रममा विभिन्न वक्ताहरूले समग्रले आफ्नो पारदर्शिता कायम गरेर अरू संस्थालाई समेत राम्रो उदाहरण दिएको कुरा बताए । यसरी धारणा व्यक्त गर्नेहरूमा स्थानीय विकास अधिकारी, मानवअधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य स्थानेश्वर दुवाडी, गैसस महासंघ गोरखाका अध्यक्ष काजीराम रोका, ग्रामीण सुदृढीकरण केन्द्रका अध्यक्ष भीमलाल श्रेष्ठ, आदि थिए । मन्तव्य राख्ने क्रममा गोरखा जिल्लामा समग्र विकास सेवा केन्द्र नयाँ नभएको, विगतमा गोरखाको विकासमा विभिन्न दुर्गम ठाउँमाहरूमा पूर्वाधार निर्माणका कार्यक्रम गर्दै आएको र वर्तमान अवस्थामा सामाजिक परिवारको अभियानमार्फत मानवअधिकारलगायत अधिकारमुखी विकासका कार्यक्रम गर्दै आएको छ जुन सराहनीय रहेको छ भने भोलिका दिनमा समेत समग्रले अधिकारमुखीलगायत दिगो जीविकोपार्जन र पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने सुझाव व्यक्त भएका थिए ।

कार्यक्रममा विभिन्न सामाजिक परिवारका सहभागीहरूले सामाजिक परिवारमा आबद्ध भएपछि आफूहरूको व्यक्तित्व विकास र सामाजिक भावनामा वृद्धि भएको कुरा बताए । यसरी व्यक्त गर्नुहुनेमा अन्नपूर्ण सामाजिक परिवार खोप्लाङ्गका अध्यक्ष मनसुरी तामाङ्ग, फूलबारी सामाजिक परिवार बोर्लाङ्गका अध्यक्ष कमला कुमाल आदि हुनुहुन्थ्यो । यस कार्यक्रममा महिला ५० र पुरुष २२ गरी ७२ जनाको उपस्थिति रहेको थियो ।



त्यसै गरी जिल्ला सामाजिक परिवारका उपाध्यक्ष बिन्दा थपलियाको सभापतित्वमा गजुरी, धादिङ्गमा भएको लेखाजोखा कार्यक्रममा नेकपा एमालेका जिल्ला कमिटी सदस्य शुक्लबहादुर उप्रेती, रा.प्र.पा.का गा.वि.स.अध्यक्ष विनोद पाठक, जि.वि.स. धादिङका अधिकृत विनोद अर्याल, कृषि विकास कार्यालय गजुरी उपशाखाका प्रतिनिधि, फोकस, महिला विकास कार्यालय, गा.वि.स. सचिवहरूलगायत विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय र विभिन्न सामाजिक परिवारहरुको प्रतिनिधि गरेर ६५ जनाको उपस्थिति रहेको थियो । जसमध्ये ४० जना महिलाहरू हुनुहुन्थ्यो । उक्त कार्यक्रमका वक्ताहरूले “समग्रले धादिङ जिल्लाको समग्र विकासको एउटा पाटोको रूपमा काम गर्दै आएको छ जुन प्रभावकारी छ र यसले विभिन्न सिमान्तकृत समुदायमा गएर उनीहरुलाई अधिकारमुखी कार्यक्रममार्फत उनीहरूको जीवनस्तर उकास्ने कार्य गरेको छ” भन्ने भनाइहरू राखेका थिए ।

## गरिबी निवारण कोषसँग समग्रको साझेदारी

धदिङ जिल्लामा गरिवी निवारण कार्यक्रम सञ्चालनका लागि गरिबी निवारण कोष र यस संस्थावीच साझेदारी सम्झौता सम्पन्न भएको छ । यो कार्यक्रम हाललाई दक्षिणको तसर्पु गाउँ विकास समिति र उत्तरको रिगाउँ गाउँ विकास समितिवाट सुरु गरिनेछ । त्यसका लागि जनशक्ति छनौट, गा.वि.स. तथा वडास्तरीय भेलाहरूलगायत अन्य क्रियाकलापहरू सञ्चालन भैरहेको छ ।

## जनचेतनाका लागि लोक-दोहोरी तथा सहभोज



छुवाछुत तथा जातीय विभेद न्यूनीकरणका लागि धादिङ्ग जिल्ला कुम्पुर गा.वि.स.का सामाजिक परिवारहरूको पहलमा लोक-दोहोरी तथा सहभोज कार्यक्रम सम्पन्न भएको छ । श्री कालिका प्रा.वि.कुम्पुरमा सम्पन्न भएको त्यस कार्यक्रममा कुम्पुर गा.वि.स.का सरस्वती, अकला, बाराहदेवी, भुमेस्थान, बाघभैरव, महाकाली, बाघवच्छला र देवीस्थान सामाजिक परिवारका गरी ८ वटा कलाकार समूहहरू लोक-दोहोरीमा सहभागी भए । कार्यक्रममा प्रथम हुने बाघवच्छला सामाजिक परिवारका प्रतियोगीलगायत अन्य समूहहरूलाई समग्रका वरिष्ठ उत्प्रेरक रुद्रनाथ कोइरालाले पुरस्कार वितरण गरेका थिए । सबै जात-जातिको उपस्थिति रहेको उक्त कार्यक्रममा सबैले सामूहिक भोजन गरेका थिए । सो कार्यक्रममा महिला ९५ र पुरुष १५ गरी ११० जनाको सहभागिता थियो । कार्यक्रम असाध्यै रोचक र ज्ञानबर्द्धक भएको जिल्ला सामाजिक परिवार धादिङकी बिन्दा थपलिया बताउनुहुन्छ ।

## वैशाख महिनामा सञ्चालित/सम्पन्न नियमित गतिविधिहरू

| कृयाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानवअधिकारको अनुगमन | २ | ३२ | १७ | ४९ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानवअधिकार उल्लङघनविरुद्ध जनचेतना अभियान | ३ | २९५ | ३६ | ३३१ |
| १.४ | | ३ | १२५ | ८१ | २०६ |
| २.६ | मानवअधिकार, द्वन्द्व व्यवस्थापन, संस्थागत बिकास, असल शासनलगायत विषयहरूमा सा.प. स्तरको अभिमुखीकरण | २ | ५० | १३ | ६३ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेस / लविङ्ग भ्रमण | ७ वटा, १० वटा संस्था | | | |
| ३.१ | अन्तरजातीय मिलान/द्वन्द्व व्यवस्थापन कार्य | १ | १७ | १८ | ३५ |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरुबीच अन्तरक्रिया | १ | ७ | २२ | २९ (२१ संस्था) |
| ३.३ | मेलमिलाप कार्यक्रम | ३ | ७५ | १७ | ९२ |
| ३.४ | शान्ति र मेलमिलापसम्बन्धी कार्य | ५ | ३१८ | १०६ | ४२४ |
| ४.१ | सा.प.को श्रोत व्यवस्थापनसम्बन्धी कार्य | २ | ८४ | ३८ | १२२ |
| ४.२ | सहकारीसम्बन्धी अभिमुखीकरण तथा सहजीकरण | १ | १४ | २० | ३४ |
| ४.४ | श्रोत, साधन तथा अधिकार दाबी | ५ | | | १० संस्था |
| ५.१ | व्यवसायिक तथा सीप विकास तालिम | २ | २६ | ० | २६ |

## सामाजिक परिवारका प्रतिनिधिहरूले संविधानसभाका सभासद्हरूसँग गरेको अन्तरक्रियाका क्रममा उनीहरूको ध्यानाकर्षण गर्दै प्रस्तुत गरेको "गीत"

संविधान बन्छ हजुर भन्दा-भन्दैमा
जनतालाई पाछौंकी झूटो फन्दैमा
कसले सुन्छ गरिबका दुःख, पीरहरू
डगमगाउन थाले पाइला छैन उच्च शिरहरू
जली त्यसै मर्छन् क्यारे यी मनका रहरहरू
बनाउँछु भन्थ्यौ तिम्ले ती गाउँ बस्तीलाई शहरहरू
संविधान बन्छ हजुर भन्दा-भन्दैमा ....... ........
पाउनुपर्छ दलितले शिक्षा, स्वास्थ्य, रोजगार
अवसरको बाटो पाए हुन्छ जीवन साकार
सार्वजनिक स्थलमा बस्नुपर्दा छुट्टिएर
कति घाइते भएका छन् अघि सर्दा कुट्टिएर
संविधान बन्छ हजुर भन्दा-भन्दैमा ....... ........
छुवा-छुतको समस्या अझै कति झेल्नु पर्‍याछ
हामी सबै मिली यसको जरै उखेल्नु पर्‍याछ
सबैलाई मान्य हुने बन्नुपर्छ संविधान
कार्यान्वयन गर्ने पक्षहरू हुन्छन् ती महान् !
संविधान बन्छ हजुर भन्दा-भन्दैमा ....... ........



शकुन्तला परियार
उन्नतीशील सामाजिक परिवार
चितीः ७ रामचोकबेंशी, लमजुङ

## सामान्य कर्मीदेखि स्थानीय नेतृत्वसम्मः जमानसिंह दुलाल



वि. स. २००५ साल जेष्ठ २७ गते नेप्टे सार्की र काली मायाको पहिलो सन्तानको रूपमा लमजुङ जिल्ला बागलुङपानी गा. वि. स. वडा नं. ९ स्थित बिन्दाबेंशीमा जन्मिएका हुन् जमानसिंह । पढ्नमा तेज भए पनि नजिकको प्रा. वि. बाट ४ कक्षा मात्र उर्तीण गरे उनले । नजिकको पाठशालामा थप पढाइ नहुने, टाढा बाबु आमाले जान नदिने । थप पढ्ने इच्छा हुँदाहुँदै पनि बीचमा पढाई छाडनुपर्दा निरास भए उनी । १७ वर्षको हुँदा बेंशीशहरको मनमायासँग लगन गाँठो बाँधिदिए उनका बाबु-आमाले । त्यतिबेलासम्म उनी फर्निचरका कार्यमा सिपालु भइसकेका थिए । गाउँकै कर्मीहरूसँग सिके उनले कर्मी काम । २२ वर्षको उमेरमा उनी बाबु-आमाबाट छुट्टिए । अंशको रूपमा २ रोपनी बारी पाए । फर्निचरको काम गरी आफ्नो गाउँमा समूहहरू निर्माण गरी गाउँको विकास गर्न रौसिएका उनलाई साथ दिने कोही भएनन् । उनको इच्छा त्यतिखेर पूरा भयो जब २०६२ सालमा उनको गाउँमा समग्र विकास सेवा केन्द्रको पहल र सहयोगमा चेतनशील सामाजिक परिवारको स्थापना भयो । सो सामाजिक परिवारको नेतृत्व उनैले गरे । सामाजिक परिवारका माध्यमबाट त्यस बिन्दाबेंशी गाउँका ३२ घर दलितहरू एकताबद्ध भए ।

ज्मानसिंहले मानवअधिकार, सहकारी अभिमुखीकरण, द्वन्द्व व्यवस्थापन, स्रोत व्यवस्थापन आदि तालिमहरूमा सहभागी भइ थप शिक्षा प्राप्त गरे । यसले उनमा थप उर्जा थप्यो । उनमा नेतृत्व क्षमता, आत्मविश्वास बढ्यो । जसले गर्दा आफ्नो सामाजिक परिवारलाई संस्थागत गर्न क्रियाशील भए । चेतनशील सामाजिक परिवार वास्तवमैं नमुना बन्दै गएको छ उनको अगुवाइले । मादक पदार्थको प्रयोग नगर्ने, फजुल खर्च नगर्ने, आफ्ना नानीहरूलाई अनिवार्य विद्यालय पठाउने, घर गाउँ सफा राख्ने, महिनाको १ दिन गाउँको भलाइका लागि काम गर्ने, आय आर्जनका कार्यहरू गर्ने, बचत गर्ने, गाउँको झगडाहरू गाउँमै मिलाउने, विभिन्न सेवादायी निकायहरूमा स्रोत खोज्ने, प्राप्त गरी उपयोग गर्ने, मानवअधिकारका लागि अभियान गर्ने आदि थुप्रै कामहरू भएको छ, सो सामाजिक परिवारमा ।

सामाजिक परिवारले मलाई साँच्चै मानिस भएर आत्मसम्मानका साथ बाँच्न सक्ने बनायो उनी भन्छन् । हिजो कर्मी नामले चिनिने जमानसिंह आज गाउँको अगुवाको रूपमा फेरिएका छन् । उनी चेतनशील सामाजिक परिवारको अध्यक्ष, मुलाबारी सामुदायिक उपभोक्ता समितिका उपाध्यक्ष, विद्यालय अभिभावक संघको अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको सदस्य, मुक्ति समाज जिल्ला सल्लाहकारको सदस्य गरी थुप्रै संस्थाहरूको नेतृत्वमा पुग्न सफल भएका छन्, उनी उमेरले ६० नाघेता पनि आफू युवा नै छु जस्तो लाग्छ उनलाई । सामाजिक परिवारको अभियानमा अझै सक्रियरूपमा लाग्दै जानेछु उनी भन्छन् ।

शान्ति, मानवअधिकार र दिगो विकास एक अर्काका परिपूरक हुन् ।

सम्पर्कका लागि ठेगानाः
**समग्र विकास सेवा केन्द्र,** हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेलः **samagra@mcmail.com.np,** वेभसाइटः **www.samagra-nepal.org**